# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५०) काठमाडौं, मंसीर १२ गते २०५७ साल (संख्या ३२


## भाग ३

श्री ५ को सरकार

### कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयको सूचना

श्री ५ को सरकारले राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी राजस्व अनुसन्धान विभाग, ईकाई कार्यालय इटहरीका प्रमूख अनुसन्धान अधिकृत श्री कृष्णभक्त विष्टलाई राजस्व न्यायाधिकरण बिराटनगरको राजस्व सदस्य पदमा तोकेको छ ।

आज्ञाले,

उदय नेपाली श्रेष्ठ

श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

### गृह मन्त्रालयको सूचना

श्री ५ को सरकारले आवश्यक सेवा सञ्चालन ऐन, २०१४ को दफा ३ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी देहायका आवश्यक सेवामा हडताल गर्न निषेध गरी यो आदेश जारी गरेको छ ।

अस्पताल, स्वास्थ्य केन्द्र र औषधि निर्माण तथा बिक्री वितरण सम्बन्धी सेवा ।

आज्ञाले,

श्रीकान्त रेग्मी

श्री ५ को सरकारको सचिव


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

296

## नेपाल अधिराज्यका

# महालेखा परीक्षकको विभागको सूचना

महालेखा परीक्षकले महालेखा परीक्षकको विभागका कर्मचारीहरूसम्बन्धी नियमावली, २०५० को नियम ९४ बमोजिम स्वेच्छिक अवकाशको प्रयोजनका लागि देहायबमोजिमका शर्तहरू तोकेको छः–

१. यस विभागको कुनै कर्मचारीले बीस वर्ष वा सोभन्दा बढी अवधि नोकरी गरिसकेको र निजको उमेर पचासवर्ष पूरा भएको रहेछ भने त्यस्तो कर्मचारीले स्वेच्छिक अवकाश लिन सक्नेछ ।

२. यसरी स्वेच्छिक अवकाश लिन चाहने कर्मचारीको उमेर साठी वर्ष ननाघ्ने गरी बढीमा सात वर्ष सेवा अवधि थप गरी निवृत्तभरणको लागि जम्मा सेवा अवधि कायम गरिनेछ र निजलाई बढीमा ७ (सात) वर्षको निवृत्तभरण रकम एकमुष्ट उपलब्ध गराइनेछ । यसरी एकमुष्ट निवृत्तभरण पाउने कर्मचारीले एकमुष्ट निवृत्तभरण पाएको अवधि व्यतित भएपछि मात्र निजले निवृत्तभरण पाउनेछ ।

३. स्वेच्छिक अवकाश प्राप्त गर्न लिन चाहने कुनै कर्मचारीको हकमा महालेखा परीक्षकको विभागका कर्मचारीहरूसम्बन्धी नियमावली, २०५० को नियम ३९क को उपनियम (२) आकर्षित हुने रहेछ भने निजलाई एक तह माथिको पदमा बढुवा गरी स्वेच्छिक अवकाश दिइनेछ । यस प्रयोजनको लागि निवेदकले एउटै पदमा पन्ध्र वर्ष काम गरेको हुनुपर्नेछ ।

४. स्वेच्छिक अवकाश लिन चाहने कर्मचारीले यो सूचना नेपाल राजपत्रमा प्रकाशन भएको मितिले एक महिनाभित्रमा स्वेच्छिक अवकाश लिन चाहेको कारण खोली यस विभागमा निवेदन दिनुपर्नेछ । यसरी स्वेच्छिक अवकाश लिएपछि रिक्त हुन आउने पदहरू स्वतः खारेज हुनेछन् ।

५. स्वेच्छिक अवकाश दिइने निर्णय गर्दा बिरामी भई असक्त भएका कर्मचारीलाई पहिलो प्राथमिकता दिइनेछ ।

६. स्वेच्छिक अवकाश लिन चाहने कुनै कर्मचारीलाई स्वेच्छिक अवकाश दिने वा नदिने भन्ने विषयमा निर्णय गर्ने सम्पूर्ण अधिकार महालेखा परीक्षकमा निहित रहनेछ ।

आज्ञाले,
बद्रीबहादुर कार्की
नायब महालेखा परीक्षक



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

29C